# लेकवेशी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## कल्याण,सुर्खेत

कर्णाली प्रदेश, नेपाल

लेकवेशी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कल्याण, सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७३

प. सं.:- ०७५/०७६(शिक्षा,युवा तथा खेलकुद शाखा)

मितिः–२०७५।१०।१७

च. नं.:- १०८९

विषय :आधारभूत तह शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी सूचना ।

श्री सवै साामुदायिक तथा संस्थागत विद्यालयहरु,(कक्षा ८ सञ्चालन भएका विद्यालयहरु)
लेकवेशी नगरपालिका सुर्खेत ।

प्रस्तुत विषयमा शैक्षिक सत्र २०७५ को आधारभूत तह शिक्षा उत्तीर्ण परीक्षा (कक्षा ८) सञ्चालन तथा व्यवस्थापन कार्यका लागि लेकवेशी नगरपालिका स्तरीय आधारभूत तह शिक्षा उत्तीर्ण परीक्षा समितिको मिति २०७५।१०।१६ गतेको वैठकवाट देहाय वमोजिमका निर्णयहरु भएकोले आवश्यक कार्यार्थ एव जानकारीको लागि अनुरोध छ ।

१.शैक्षिक सत्र २०७५को यस लेकवेशी नगरपालिका स्तरीय आधारभूत तह शिक्षा उत्तीर्ण परीक्षा (कक्षा ८) सञ्चालन तथा व्यवस्थापन कार्यका लागि मिति २०७५साल चैत्र ०१ गतेदेखि दिउसो ११.०० वजेदेखि देहाय वमोजिमको समय तालिका वमोजिम सञ्चालन हुने

**समयतालिका**

| क्र.सं. | मिति | विषय |
|---|---|---|
| १ | २०७५ साल चैत्र १ गते शुक्रवार | नेपाली |
| २ | २०७५ साल चैत्र ३ गते आइतवार | अंग्रेजी |
| ३ | २०७५ साल चैत्र ४ गते सोमवार | सामाजिक अध्ययन र जनसंख्या शिक्षा |
| ४ | २०७५ साल चैत्र ५ गते मंगलवार | विज्ञान तथा वातावरण |
| ५ | २०७५ साल चैत्र ७ गते विहवार | गाणित |
| ६ | २०७५ साल चैत्र ८ गते शुक्रवार | क) नैतिक शिक्षा<br>ख) स्वास्थय तथा शारीरिक शिक्षा |
| ७ | २०७५ साल चैत्र १० गते आइतवार | पेशा,व्यवसाय र प्रविधि शिक्षा |
| ८ | २०७५ साल चैत्र ११ गते सोमवार | मातृभाषा,वा स्थानीय विषय वा सस्कृत वा अन्य विषय |

नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

२. माथिको उल्लेखित समय तालिकामा क्र.सं.१ देखि क्र.सं.७ सम्मका विषयहरुका नमूना प्रश्नपत्रहरु परीक्षा सञ्चालन हुने विद्यालयहरुका विषयगत शिक्षकहरुवाट कक्षा ८ को ग्रीडअनुसार तयार गर्नलगाई मिति २०७५माघ २६ गतेसम्म १ सेट प्रश्नपत्र गोप्य खामवन्दी गरी विषय र विद्यालय उल्लेख गरि लेकवेशी नगरपालिको शिक्षा युवा तथा खेलकुद शाखामा अनिवार्य रुपमा पेश गर्ने

३. लेकवेशी नगरपालिका स्तरीय आधारभूत तह शिक्षा उत्तीर्ण परीक्षा एव अन्य कक्षाको वार्षिक परीक्षालाई मर्यादित व्यवस्थित,अनुशासित तथा शान्तिपूर्ण र स्वच्छ वातावरणमा सञ्चालन एव व्यवस्थापन कार्यकालागि लेकवेशी नगपालिकाका नगरप्रमुखज्यू,उपप्रमुखज्यू,नगर शिक्षा समितिका पदाधिकारीज्यूहरु,वडा अध्यक्षज्यूहरु ,पेशागत महासंघका अध्यक्ष एव सचिवज्यू पेशागत संघ संगठनका प्रमुखज्यूहरुलाई अनुगमन एव अन्य सहयोगका लागि लागि अनुरोध गर्ने,

४. लेकवेशी नगरपालिका शिक्षा,युवा तथा खेलकुदशाखावाट वितरण गरिएको कक्षा ८ को परीक्षा आवेदन फारम विद्यालयले आफ्ना विद्यार्थीहरु भरी भराई मिति २०७५ माघ मसान्तसम्म अनिवार्यरुपमा शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्ने,

५. शैक्षिक सत्र २०७५ को लेकवेशीस्तरीय आधारभूत तह शिक्षा उत्तीर्ण परीक्षा (कक्षा ८को) सञ्चालन एव व्यवस्थापन कार्य लेकवेशी नगरपालिका आधारभूत तह शिक्षा उर्त्तीण परीक्षा समितिले गर्ने ,प्रश्नपत्र ,उत्तरपुस्तिकाहरु शिक्षा युवा तथा खेलकुद शाखावाट उपलव्ध हुने तथा अन्य कक्षाहरुको वार्षिक परीक्षा सञ्चालन र व्यवस्थापनको जिम्मा सम्वन्धित विद्यालयलवाट गर्ने,

६. शैक्षिक सत्र २०७५ मा आधारभूत तह शिक्षा उर्त्तीण परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यका लागि संस्थागत विद्यालयहरुवाट प्रति विद्यार्थी रु २५०। का दरले शुल्क लिने,

७. शैक्षिक सत्र २०७५को लेकवेशीस्तरीय आधारभूत तह शिक्षा उत्तीर्ण परीक्षा (कक्षा ८को )सञ्चालन एव व्यवस्थापन कार्यका लागि सम्वन्धित विद्यालयका प्रधानाध्यापक नै केन्द्राध्यक्ष र सम्वन्धित विद्यालयमा परीक्षा केन्द्र कायम गरिने,

८. परीक्षा केन्द्र कायम भएका विद्यालयहरुलाई प्रति केन्द्र रु ३०००। (तीनहजार मात्र) व्यवस्थापन खर्च दिने,र अन्य थप आवश्यक निर्देशन अर्को वैठक पश्चात जानकारी गरिने छ ।

२०७५।१०।१६

नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner